ISSN: 3102-0941 (Print)
भाषा आयोगको सहकर्मी-समीक्षित जर्नल
भाषालोक
वर्ष ५, अङ्क १:१४-२४, चैत २०८२

# *प्रदेश र स्थानीय तहमा भाषाको प्रयोगसम्बन्धी अभ्यासहरू*

**सुरेश मानन्धर**
पूर्व सदस्य, भाषा आयोग
gisuki1@gmail.com

(प्राप्त मितिः २०८२/१०/२८; स्वीकृत मितिः २०८२/१२/०१)

**लेखसार**

वि.सं. २०७२ सालमा संविधानसभाबाट जारी नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। संविधानको भाग ५, धारा ५६ (१) मा राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने संवैधानिक व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था गरिएको छ भने उपधारा ४ मा स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति रहने व्यवस्था गरिएको छ।

वर्तमान संविधानको मूल तत्व सङ्घीयता र समावेशीकरण हो। सङ्घीयता र समावेशीकरणलाई नागरिकले प्रत्यक्ष महसुस गर्ने निकाय स्थानीय तह हो। अतः स्थानीय तहले यस क्षेत्रमा जति सक्रियतापूर्वक कार्यसम्पादन गर्दछ। सङ्घीय व्यवस्थाको सबलताको परीक्षण पनि त्यहीं हुने गर्दछ। त्यसैले स्थानीय तहलाई सङ्घीय व्यवस्थाको मेरुदण्ड नै मानिन्छ। राज्य पुनर्संरचना पश्चात् हाल नेपालमा ७५३ स्थानीय सरकार र ७७ जिल्ला समन्वय समितिहरू छन्। हाल स्थानीय तह ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका छन्। संविधानले स्थानीय तहले सम्पादन गर्ने विविध कार्यक्षेत्र समेत तोकेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ वटा एकल अधिकार तोकिएको छ भने अनुसूची ९ मा साझा अधिकारका १३ वटा विषयहरू समेटिएका छन्।

स्थानीय तह भनेको केवल एउटा प्रशासनिक एकाइ मात्र होइन। जनताले राज्यसत्तासँग पहिलो र अन्तिम सोझो साक्षात्कार गर्ने निकाय यही नै हो। नागरिकको जन्म हुने बित्तिकै स्थानीय तहमा जन्मदर्ता हुन्छ भने मृत्युपश्चात मृत्यु दर्ता पनि यही निकायमा हुन्छ। स्थानीय सरकार भन्ने बित्तिकै बुझ्नुपर्छ, त्यहाँ प्रयोग हुने भाषा पनि स्थानीय नै हुनु आवश्यक छ। नेपाल विश्वमै सबैभन्दा धेरै भाषाहरू भएको मुलुकमध्ये पर्दछ। यहाँ अधिकांश भाषाहरू स्थानीय तहहरूमा वितरण भएको पाइन्छ। त्यसको प्रयोग, संरक्षण, संवर्धन र विकास गर्ने हो भने सबैभन्दा उपयुक्त निकाय स्थानीय सरकार नै हो। संविधानले पनि स्थानीय भाषाहरूको प्रयोग, संरक्षण र विकास गर्ने अधिकार स्थानीय तहलाई नै दिएका कारण स्थानीय सरकारहरूकै सक्रियताले नेपालका भाषाहरूको संरक्षण, संवर्धन भई मुलुकको बहुभाषिक पहिचानलाई कायम राख्दै नागरिकको भाषिक मानव अधिकारको पनि सम्मान हुने देखिन्छ।

## खण्ड एकः सरकारी कामकाजको भाषा

**शब्द कुञ्जीः** *बहुभाषिक पहिचान, एकल अधिकार, सरकारी कामकाजको भाषा, मातृभाषामा शिक्षा, विशेष/स्वायत्त र संरक्षित क्षेत्र, प्रत्याभूति*

**विषय प्रवेश**

नेपालको संविधान, २०७२ जारी हुनु अघि नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार स्थानीय स्वयात्त शासनअन्तर्गत विकेन्द्रित शासनको अभ्यास भयो। जुन स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ मा आधारित थियो। जसमा स्थानीय भाषाहरूलाई आफ्नो निकायमा प्रयोग गर्न सकिने गरी भाषासम्बन्धी स्पष्ट कानुनी आधार उपलब्ध थिएन। तापनि मुलुकमा केही स्थानीय निकायहरूबाट विकेन्द्रीकरणको अवधारणानुसार सरकारी कामकाजमा मातृभाषालाई कार्यान्वयन गर्न पहल गरेको देखिन्छ। त्यतिखेर स्थानीय निकायमा स्थानीय भाषा प्रयोग गर्न गरिएको पहल र प्रयोग ऐतिहासिक र प्रेरणादायी घटनाका रूपमा अभिलेखन भएको पाउन सकिन्छ।

नेपालको राजनीतिक इतिहासमा पहिलो पटकको निर्वाचन ‘काठमाडौं म्युनिसिपालिटी’ मा भएको थियो। श्री ३ पद्मशम्शेरले वि.सं. २००४ जेठ २९ गते उक्त निर्वाचन सम्पन्न गराएका थिए। त्यही सालको भदौ २९ गते ललितपुर नगरपालिका र असोज २६ गते भक्तपुर नगरपालिकाका वडाहरूको निर्वाचन गरिएको थियो। तर वि.सं. २००७ सालमा जहाँनिया राणा शासन पतन भई प्रजातन्त्र स्थापना भयो। त्यसपछि वि.सं. २०१० सालमा फेरि स्थानीय निकायहरू निर्वाचन भयो। जुन प्रजातन्त्रको स्थापनापछिको पहिलो निर्वाचन रहेको थियो। त्यति बेलासम्म नेपालको संसदको निर्वाचन भने हुन सकेको थिएन। वि.सं. २०१० भदौ १७ गते भएको उक्त चुनाव प्रयोजनको लागि काठमाडौं नगरपालिकालाई १८ वटा वडामा विभाजन गरिएको थियो। तर त्यो चुनावमा निर्वाचित भएका प्रतिनिधिहरूका बीच आपसी झैंझगडाका कारण जनअपेक्षित काम हुन सकेन। त्यसपछि वि.सं. २०१४ साल माघ ७ गते काठमाडौं नगरपालिकामा तेस्रो स्थानीय निर्वाचन भयो। उक्त निर्वाचनमा काठमाडौं नगरपालिकाका सभापतिका रूपमा प्रयागराज सिं सुवाल निर्वाचित भएका थिए। उनकै अध्यक्षतामा वि.सं. २०१५ साल बैशाख ६ गते बसेको बोर्ड बैठकले “काठमाडौं नगरपालिकामा नेपाली भाषाका अतिरिक्त नेपाल भाषालाई पनि कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय भयो”। नेपालमा बोलिने नेपालीबाहेक अन्य कुनै पनि भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा आधिकारिक निर्णय भएको त्यही नै पहिलो हो। यही निर्णयको आधारमा तत्कालीन काठमाडौं नगरपालिकाले प्रकाशन गर्ने ‘जनचेतना’ नामक बुलेटिन पनि नेपाली र नेपाल भाषा गरी दुई भाषामा प्रकाशन गर्न थालियो। तत्कालीन स्थानीय निकाय काठमाडौं नगरपालिकाले सुरू गरेको यस बहुभाषी अभ्यास वि.सं. २०१७ साल पुस १ गतेका दिन राजा महेन्द्रबाट निर्वाचित सरकारलाई अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागु नहुञ्जेल कायम रहेको थियो।

वि.सं. २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई नेपालमा प्रजातन्त्रको पुनर्स्थापना भयो। वि.सं. २०४७ सालमा बहुदलीय व्यवस्थासहितको नयाँ संविधान जारी भयो। सोही संविधानअनुरूप वि.सं. २०५४

सालमा भएको स्थानीय निकायको दोस्रो निर्वाचनमा काठमाडौं महानगरपालिकाको प्रमुखमा केशव स्थापित निर्वाचित हुन पुगे। उनकै अध्यक्षतामा वि.सं. २०५४ साउन १० गते बसेको बोर्ड बैठकले काठमाडौं महानगरपालिकामा नेपाली भाषाका अतिरिक्त नेपाल भाषालाई पनि सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरियो। त्यस लगत्तै ललितपुर नगरपालिका र कीर्तिपुर नगरपालिकाले पनि नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरे। त्यस्तै धनुषा जिल्ला विकास समिति र राजविराज नगरपालिकाले मैथिली भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय गरेको थियो।

काठमाडौं महानगरपालिकालगायत धनुषा जिल्ला विकास समिति र राजविराज नगरपालिकाले नेपाल भाषा र मैथिली भाषालाई सरकारी कामकाजको भाषासम्बन्धी निर्णयविरुद्ध अधिवक्ताद्वय लिलामणि पौडेल र सुदिप पौडेलले उक्त निर्णय कार्यान्वयन नगर्न र नगराउनका लागि अन्तरिम आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरे। सर्वोच्च अदालतको डिभिजन बेञ्चको इजलासले वि.सं. २०५४ कात्तिक २२ गतेका दिन यस मुद्दामा अन्तरिम आदेश जारी गर्नुपर्ने आवश्यकता छैन भनी आदेश दियो। त्यसपछि लालबहादुर थापा, डा. हरिप्रसाद पोखेल, यज्ञनिधि दाहाल, ध्रुव थेवे र अच्युतरमण अधिकारीले काठमाडौं महानगरपालिका र धनुषा जिल्ला विकास समितिका साथै सप्तरीको राजविराज नगरपालिकाले गरेको भाषासम्बन्धी उक्त निर्णयका विरुद्ध अर्को रिट दायर गरे । सो रिटका सम्बन्धमा वि.सं. २०५४ चैत्र ६ गते माननीय न्यायाधीश हरिश्चन्द्र प्रसाद उपाध्यायको एकल इजलासले अन्तरिम आदेश जारी गरी ती स्थानीय निकायहरूमा नेपाल भाषा र मैथिली भाषाको प्रयोग गर्नमा रोक लगाउन पुग्यो। अदालतको त्यस फैसलाविरुद्ध स्थानीय भाषाभाषीहरूले सङ्घर्ष समिति नै गठन गरी विरोध प्रकट गरे। उक्त रिटमाथि अदालतमा बहस हुँदै वि.सं. २०५६ जेठ १८ गते माननीय न्यायाधीशद्वय कृष्णजङ्ग रायमाझी र टोपबहादुर सिंहको संयुक्त इजलासबाट जिल्ला विकास समिति र स्थानीय निकायहरूबाट गरेको नेपाल भाषा र मैथिली भाषालाई सरकारी कामकाजमा प्रयोगसमम्बन्धी निर्णयलाई असंवैधानिक ठहर गर्दै ती निकायहरूको निर्णय खारेज गरिदिए। उक्त फैसलाका विरुद्ध स्थानीय भाषाभाषी र भाषिक सङ्घसंस्थाबाट प्रतिरोध र विरोध भयो। तर सर्वोच्च अदालतको फैसला नै अन्तिम निर्णय हुने र त्यसलाई पालना गर्ने सबै नागरिकको कर्तव्य हुने संवैधानिक बाध्यताले फैसला कार्यान्वयन भयो। सरकारी कामकाजमा नेपालीबाहेक बहुभाषिक प्रयोग पक्षधरहरूले सर्वोच्च अदालतले उक्त फैसला गरेको दिन जेठ १८ लाई 'कालो दिवस' को उपमा दिए। त्यसपछि हरेक वर्ष देशमा नेपाली भाषा इतरका मातृभाषीहरूले जेठ १८ गतेलाई 'कालो दिवस' का रूपमा स्मरण गर्ने चलन सुरू भएको हो। यसरी स्थानीय निकायहरूले स्थानीय भाषालाई सरकारी कामकाजमा प्रयोगमा ल्याउन विगतमा गरेको प्रयासलाई सर्वोच्च अदालतको फैसलाबाट रोक लागेको थियो। वि.सं. २०४७ सालमा जारी भएको संविधान अघिल्लो संविधानहरूका तुलनामा भाषिक दृष्टिकोणले उदार मानिए तापनि भाषा बहुभाषिक प्रयोगको सवालमा अदालतको यस फैसलासँगै कमजोर नै साबित भएको प्रस्ट हुन्छ किनभने भाषासम्बन्धी केही प्रावधान संविधानमा उल्लेख भए पनि सोको

कार्यान्वयनका लागि आवश्यक भाषासम्बन्धी नीति र ऐन नभएका कारणले अदालतको व्याख्याबाट वैधता प्राप्त गर्ने आधार तयार भएको थिएन, फलतः अदालतबाट बहुभाषिकताको सट्टा एकल भाषिकतातर्फको फैसला हुन पुगेको हो भन्ने अनुमान लगाउन सकिन्छ।

**नेपालको संविधानमा भाषासम्बन्धी व्यवस्था**

नेपालको संवैधानिक इतिहास वि.सं. २००४ देखि सुरू हुन्छ। तत्कालीन राणा प्रधानमन्त्री पद्मशम्शेर ज.ब.रा.ले वि.सं. २००४ माघ १३ गते जारी गरेको 'नेपाल सरकारको वैधानिक कानुन, २००४' लाई नै नेपालको संवैधानिक इतिहासमा लिखित रूपमा आएको पहिलो संविधान मानिन्छ। यो संविधानको धारा ४४ मा व्यवस्थापिका सभामा सबै कुराकानी छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा नै हुनेछ' भन्ने लेखिएको थियो।

यसरी नेपालको पहिलो संविधान नै एकभाषी हुँदै आएको देखिन्छ। वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि वि.सं. २०१५ सालमा पहिलो प्रजातान्त्रिक संविधान जारी भयो। त्यसको धारा ७० मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको राष्ट्रभाषा हुनेछ' भनी लेखिएको छ। वि.सं. २००७ सालमा आएको प्रजातन्त्रिक व्यवस्था वि.सं. २०१७ राज महेन्द्रबाट शासकीय कुमार्फत अपदस्थ हुन पुग्यो। त्यसपछि राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागु गर्दै वि.सं.२०१९ सालमा जारी गरेको पञ्चायती संविधानको धारा ४ मा 'नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा लिखित नेपाली भाषा हो' भनी किटान गरिएको थियो।

त्यसपछि वि.सं.२०४६ सालमा तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध भएको जनआन्दोलन पश्चात वि.सं. २०४७ सालमा जारी गरिएको संविधान भाषिक दृष्टिकोणले फराकिलो देखियो। उक्त संविधानको धारा ४ मा पहिलो पटक नेपाललाई 'बहुभाषिक' मुलुकका रूपमा स्वीकारिएको थियो। यसमा "देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्रभाषा हो" भन्ने व्यहोरा लेखिए पनि "प्रत्येक समुदायलाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिन सकिने" अधिकार पनि प्रदान गरेको थियो (धारा १८)।

भाषिक दृष्टिकोणले उदार भएकाले यही संविधान कायम रहेको बेला काठमाडौं महानगरपालिकाले नेपाल भाषा र धनुषा जिल्ला विकास समिति एवम् राजविराज नगरपालिकाले मैथिली भाषालाई नेपाली भाषासँगै पालिकास्तरीय कामकाजी अधिकार प्रदान गर्ने प्रयास गरिएको भए तापनि तत्कालीन साँघुरो र सीमित कानुनी व्यवस्थामा आधारित रहँदा सर्वोच्च अदालतबाट खारेज भएको थियो (वि.सं. २०५६ जेठ १८ को फैसला।)

वि.सं.२०६२/०६३ मा भएको दोस्रो जनआन्दोलन पश्चात वि.सं. २०६३ माघ १ गते जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ मा देशका विभिन्न मातृभाषाहरूलाई स्थानीय तहमा पनि प्रयोग गर्न सकिने व्यवस्था गरिएको थियो। उक्त अन्तरिम संविधानको धारा ५ (३) मा लेखिएको छ'...स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन। यसरी प्रयोग गरिएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रूपान्तर गरी अभिलेख राख्नेछ। स्थानीय तहलाई मातृभाषाहरूको संरक्षण, संवर्धन र प्रयोग अधिकार प्रदान गरिएको पहिलो संविधान यही नै हो। वि.सं. २०७२ सालमा

## खण्ड एकः सरकारी कामकाजको भाषा

संविधानसभाबाट जारी गरिएको नयाँ संविधानमा भने यो प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था हटेको पाइन्छ।

वि.सं. २०७२ मङ्सिर ३ गते जनताबाट निर्वाचित संविधानसभाले जारी गरेको संविधान हाल देशमा लागु छ। यो संविधानमा पहिलेका संविधानहरूमा रहेका भाषासम्बन्धी बुँदाहरूका अतिरिक्त धारा ७ (२) मा 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ' भन्ने व्यवस्था गरिएको छ। नेपालको भाषिक इतिहासमा भाषा प्रयोगको सन्दर्भमा प्रदान गरिएको यो नै अहिलेसम्मको सबैभन्दा महत्वपूर्ण उपलब्धि हो। यही संविधानले भाषा आयोग गठनको व्यवस्था पनि गरेको छ। भाषा आयोगकै सिफारिसका आधारमा बागमती प्रदेश र गण्डकी प्रदेशले सरकारी कामकाजी भाषासम्बन्धी ऐन पारित गरी लागु गरेको हो।

यही संविधानले विभिन्न मातृभाषाहरूको प्रयोग, संरक्षण र संवर्धनको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारहरूलाई अनुसूचीकृत गरिएको छ। त्यस्तै ८ औं बुँदामा 'आधारभूत र माध्यमिक शिक्षा' सम्बन्धी बुँदा राखिएको छ। उक्त अनुसूचीको २२ औं बुँदामा "भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास" सम्बन्धी उल्लेख छ। त्यसै गरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकारको सूची राखिएको छ। उक्त अनुसूचीको १८ नम्बर बुँदामा 'भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग' को व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रियस्तरमा छिमेकी मुलुक भारतको संविधानले पनि स्थानीय भाषाहरूको संरक्षण र प्रयोग गर्ने अधिकार स्थानीय तहलाई नै दिएको छ। भारतीय संविधानको धारा ३५० 'ए' मा भनिएको छः

> Facilities for instruction in mother-tongue at primary stage. It shall be the endeavour of every State and of every local authority within the State to provide adequate facilities for instruction in the mother-tongue at the primary stage of education to children belonging to linguistic minority groups; and the President may issue such directions to any State as he considers necessary or proper for securing the provision of such facilities (350A).
>
> *'कुनै पनि ठाउँमा बसोबास गर्ने भाषिक अल्पमत समूहका बालबालिकाहरूलाई उनीहरूको मातृभाषामै शिक्षा प्रदान गर्नुका लागि प्रशस्त सुविधा व्यवस्था गर्नु हरेक राज्य र हरेक स्थानीय तहको कर्तव्य हुनेछ, यो सुविधा आवश्यक पर्ने कुनै समुदायलाई यस्तो सुविधा प्रदान गर्नका लागि राष्ट्रपतिबाट विशेष निर्देशन पनि जारी गर्न सकिन्छ।'*

### भाषा आयोगबाट भाषासम्बन्धी भएका सिफारिसहरू

भाषा आयोगले संविधानले दिएको जिम्मेवारी पूरा गर्दै वि.सं. २०७८ भाद्र २१ गते सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस नेपाल सरकारलाई बुझाएको थियो। उक्त सिफारिसमा प्रदेशका सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय तहको सरकारी कामकाजको भाषासम्बन्धी सिफारिस पनि समावेश गरिएको छ। स्थानीय तहको सरकारी कामकाजमा स्थानीय भाषाहरूको प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा भाषा आयोगले गरेको सिफारिस महत्वपूर्ण छ किनभने संविधानमा नेपालको सरकारी कामकाजको भाषा र

## खण्ड एकः सरकारी कामकाजको भाषा

प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी व्यवस्था गरिएको छ तर स्थानीय तहमा सरकारी कामकाजको भाषाबारे कुनै व्यवस्था गरिएको छैन। त्यसैले भाषा आयोगले संविधानको धारा ७ (३) मा "भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ" भनी राखिएको व्यवस्थालाई आधार मानी स्थानीय तहका सम्बन्धमा आयोगले नै सिफारिस गरेको हो। भाषा आयोगले स्थानीय तहका सम्बन्धमा नेपाल सरकारलाई निम्नानुसार सिफारिस गरेको छः

१) बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषा हुनुपर्ने।

२) सरकारी कामकाजको भाषाको रूपमा नेपाल सरकारबाट मान्यता प्राप्त गर्न स्थानीय तहले सिफारिस गर्नुपर्ने। सिफारिस गरिएको भाषालाई मान्यता प्रदान गर्न नेपाल सरकारबाट अधिकार प्रत्यायोजन हुन सक्ने।

३) स्थानीय तहमा चरणबद्ध रूपमा सरकारी कामकाजको भाषाको विस्तार हुन सक्ने।

४) मौखिक परम्परामा आधारित भाषालाई सरकारी कामकाजको भाषाको मान्यता प्राप्त हुन सक्ने।

५) मातृभाषामा शिक्षालाई सरकारी कामकाजको भाषाको पूर्वआधारको रूप लिनुपर्ने।

६) सम्बन्धित वडाको सिफारिसमा नगरपालिका, गाउँपालिकाको व्यवस्थापिकाबाट सरकारी कामकाजको भाषाका रूपमा मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था हुनुपर्ने।

७) नगरपालिका, गाउँपालिका र वडाकेन्द्रित भाषाको स्तरगत योजना निर्माण गरिनुपर्ने।

८) लोपोन्मुख भाषाको लागि समुदायस्तरमा विशेष व्यवस्था गरिनुपर्ने।

आयोगले आफ्नो सिफारिसमा सातवटै प्रदेशका विभिन्न जिल्लाअन्तर्गतका कतिवटा पालिकामा कुन कुन भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिन्छ भन्ने जनगणनामा आधारित तथ्याङ्क पनि पेस गरेको छ। नेपालका स्थानीय पालिकाहरूमा भाषाहरूको औपचारिक प्रयोगमा ल्याउँदा अधिकांश भाषाहरूलाई सरकारी कामकाजमा प्रयोग गर्न सकिन्छ भन्ने पनि आयोगको ठहर छ।

### स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनमा भाषासम्बन्धी व्यवस्था

वि.सं. २०७२ सालमा नयाँ संविधान जारी गरेपछि सोही संविधानको धारा २९६ को उपधारा (१) मा गरिएको व्यवस्था बमोजिम २०७४ सालमा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' जारी गरिएको हो। जनतामा निहित सार्वभौमसत्ता र नेपालको राजकीय शक्तिको प्रयोग पनि संविधान र कानुनबमोजिम स्थानीय तहबाट समेत हुने व्यवस्था संविधानले गरेको छ। ऐनमा आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आफैंले कानुन, नीति, योजना र बजेटसमेत तर्जुमा गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐनको प्रस्तावनामै सङ्घ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरूप समाजवादउन्मुख सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीलाई स्थानीय तहदेखि नै

सदृढीकरण गर्ने' व्यहोरा उल्लेख छ। उक्त संविधानको धारा २२६ उपधारा (२) मा स्थानीय तहले कानुन निर्माण गर्ने प्रक्रिया पनि उल्लेख छ।

अनुसूची ८ बमोजिमका स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) को एकल अधिकारहरू गाउँपालिका र नगरपालिकाहरूले आफैँले कानुन बनाई कार्यान्वयन गर्न पाइने अधिकार पनि सविधानले प्रदान गरेको छ। यी विषयहरूमा स्थानीय सरकारले आफ्नो कार्यकारी अधिकार समेत प्रयोग गर्न पाउँछन्। त्यस्तै अनुसूची ९ बमोजिमका साझा अधिकार क्षेत्रहरू पनि गाउँपालिका र नगरपालिकाले कानुनबमोजिम प्रयोग गर्न पाउँछन्। तर साझा अधिकारक्षेत्रका विषयमा बन्ने स्थानीय कानुन सङ्घीय तथा प्रदेश कानुनसँग बाझिनु भने हुँदैन। तीनै तहका कानुनहरू बाझिएको खण्डमा स्थानीय कानुन बाझिएको हदसम्म बदर हुन्छ। स्थानीय सरकारले बनाउने कानुनहरू सम्बन्धित प्रदेशले बनाएको कानुनबमोजिम हुने प्रबन्ध गरिएको छ। त्यसैले सातवटै प्रदेशहरूले स्थानीय तहको कानुन निर्माणसम्बन्धी अलग्गै खाका बनाएर लागु गरेको पाइन्छ।

अनुसूचीमा उल्लेखित यही अधिकार क्षेत्रको अधीनमा रही केही स्थानीय सरकारहरूले भाषा सम्बन्धी ऐन तर्जुमा गरी आफ्नो क्षेत्रमा लागु गरिरहेका छन्। साझा अधिकार क्षेत्रको हकमा भने सङ्घ र प्रदेशहरूले अझै पनि कतिपय महत्वपूर्ण कानुन तर्जुमा नगरेका कारणले स्थानीय सरकारहरूलाई कानुन बनाउन समस्या परेको छ। त्यस्तै कतिपय ऐनहरू सङ्घीय सरकारले तर्जुमा नगरेका कारण प्रदेश सरकारहरूलाई पनि कानुन बनाउन समस्या परेको छ। सङ्घले भाषा ऐन बनाएमा स्थानीय सरकारहरूलाई सोहीबमोजिम भाषासम्बन्धी छुट्टै ऐन बनाएर अघि बढ्न अझ सजिलो हुने देखिन्छ। तथापि संविधानले तोकिएका एकल अधिकार क्षेत्रहरूमा आफ्नै ऐन बनाई कार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई अवरोध नहुने र भाषा पनि स्थानीय सरकारको एकल अधिकार क्षेत्र भएको कारणले भाषासम्बन्धी कानुन बनाई कार्यान्वयन गर्न स्थानीय तहलाई कुनै समस्या हुने देखिँदैन।

**प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी कानूनी व्यवस्था**

नेपालको सविधान धारा ७ उपधारा (२) मा प्रदेशहरूले नेपाली भाषाबाहेक आफ्नो प्रदेश भित्रका बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई कानुन बनाई प्रदेशको सरकारी कामकाजी भाषा निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ। सोही धाराको उपधारा (३) मा भाषासम्बन्धी कुरा भाषा आयोगले गरेको सिफारिसका आधारमा गर्न सकिने व्यवस्था गरिएको छ। सोहीबमोजिम भाषा आयोगले देशका सातवटै प्रदेशहरूमा कुन कुन भाषालाई सरकारी कामकाजको भाषा बनाउन सकिन्छ भनी सिफारिस गरी नेपाल सरकारलाई बुझाएको छ। सोही सिफारिसका आधारमा बागमती प्रदेश र गण्डकी प्रदेशले सरकारी कामकाजको भाषासम्बन्धी ऐन तर्जुमा गरेर पारित गरिसकेको छ। दुवै प्रदेशले पारित गरेको सरकारी कामकाजको भाषासम्बन्धी ऐनहरूमा पनि आफू मातहतका स्थानीय तहहरूले गर्नुपर्ने भाषासम्बन्धी कार्यहरू उल्लेख गरिएको छ।

भाषा आयोगको सिफारिसअनुसार सबैभन्दा पहिले भाषासम्बन्धी ऐन पारित गर्ने प्रदेश बागमती प्रदेश हो। "प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन"

नामक उक्त ऐन बागमतीको प्रदेश राजपत्रमा मिति २०८० कार्तिक २३ गते प्रकाशित भएको थियो। भाषा प्रयोगको सम्बन्धमा उक्त ऐनको दफा १४ मा उल्लेख गरिएको छः 'स्थानीय तहले भाषाको प्रयोग गर्न सक्नेः बागमती प्रदेशभित्रका स्थानीय तहले यस ऐनबमोजिम सरकारी कामकाजमा तामाङ भाषा र नेपाल भाषाको प्रयोग गर्न तथा भाषाको संरक्षण, विकास र प्रवर्धनका लागि आवश्यक कार्य गर्न सक्नेछन्। त्यस्तै गण्डकी प्रदेशको भाषासम्बन्धी ऐन वि.सं. २०८२ साउन १९ गते प्रदेश राजपत्रमा प्रकाशित भएको छ। मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषा तोकेर पारित गरिएको उक्त ऐनको दफा ३ (४) मा स्थानीय तहले स्थानीय भाषाहरूको प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ। उक्त दफामा भनिएको छः 'स्थानीय तहले आफ्नो क्षेत्रमा बहुसङ्ख्यक व्यक्तिले बोल्ने भाषालाई सरकारी कामकाजका रुपमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।'

त्यस्तै दफा ८ को उपदफा ४ मा अर्को पनि व्यवस्था गरिएको छः "स्थानीय तहबाट भाषाको आवश्यकता, औचित्य, जीवन्तता, लोपोन्मुखता र विशेष प्रकृतिको आधारमा स्थानीय स्तरमा कुनै भाषिक भूगोल वा क्षेत्रलाई भाषिक विशेष वा स्वायत्त वा संरक्षित क्षेत्र घोषणा गरी राष्ट्रभाषाहरूको संरक्षण, संवर्धन र विकास गर्न सक्नेछ"।

गण्डकी प्रदेशको भाषासम्बन्धी ऐनमा गण्डकी प्रदेश मूलथलो भएका मातृभाषाहरूको सूची पनि दिइएको छ। उक्त अनुसूची १ मा गण्डकी प्रदेशमै मूलथलो भएका ३० वटा भाषाहरूको नाम समावेश छ। वि.सं. २०८२ साउनमा कोशी प्रदेश सभामा "कोशी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" प्रस्तुत भएको छ। सो विधेयक हाल विषयगत छलफलको क्रममा रहेको छ। उक्त विधेयकमा मैथिली र लिम्बू भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा अघि सारिएको छ। विधेयकको दफा ७ उपदफा ३ मा सरकारी कामकाजको भाषाका अतिरिक्त अन्य राष्ट्रभाषाको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सकिने व्यवस्था गरिएको छ। उपधारा ४ मा सरकारी कामकाजको भाषाको अतिरिक्त आफ्नो स्थानीय तहमा बहुसङ्ख्यक जनताले बोल्ने भाषालाई सम्बन्धित स्थानीय तहले नियम बनाई स्थानीय सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ। त्यसै गरी मधेस प्रदेशमा वि.सं. २०८१ माघ महिनामा प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी विधेयक पेस भएको थियो तर विवादका कारण विधेयक फिर्ता भएको छ।

**प्रदेश र स्थानीय तहमा भाषाको कार्यान्वयनसम्बन्धी विश्लेषण**

नेपालको सविधानको अनुसूची ८ मा तोकिए बमोजिमका एकल अधिकार क्षेत्रहरूमा गाउँपालिका र नगरपालिकाहरूले आफैंले कानुन बनाई कार्यान्वयन गर्न सकिने अधिकार प्रयोग गरी देशका केही स्थानीय सरकारहरूले आफैंले भाषासम्बन्धी ऐन वा नियम बनाई शिक्षा क्षेत्रमा मातृभाषालाई कार्यान्वयनको अभ्यास गरिरहेको पाइन्छ।

यस क्रममा देशको सङ्घीय राजधानी रहेको पालिका काठमाडौं महानगरपालिकाले शैक्षिक सत्र वि.सं. २०७७ देखि आधारभूत तह (कक्षा १ देखि ८ सम्म) स्थानीय भाषा (नेपाल भाषा) मा स्थानीय पाठ्यक्रम तयार गरी पठनपाठन सुरू गरिसकेको छ। पाठ्यक्रम

विकास केन्द्र जारी गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) र विद्यालय शिक्षाको पाठ्यक्रममा पाँचौं विषयका रूपमा एक विषय स्थानीय सरकार आफैंले पाठ्यक्रम तयार गरी 'स्थानीय विषय वा मातृभाषा' पढाउने व्यवस्था गरेको छ। सोहीअनुसार काठमाडौं महानगरपालिकाले स्थानीय नेपाल भाषाको माध्यमबाट 'यें देय् म्हसीके' नामक पाठ्यक्रम तर्जुमा गरी पाठ्यपुस्तक समेत नेपाल भाषाको माध्यममा लेखन गरी पठनपाठन सुरू गरेको हो। यसको कार्यान्वयन गर्न महानगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा नेपाल भाषाका शिक्षक (शिक्षण प्रशिक्षक) को दरबन्दी सिर्जना गरी नियुक्ति गरेर विद्यालयहरूमा शिक्षक उपलब्ध गरेको छ। त्यस्तै ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, गोदावरी नगरपालिका र टोखा नगरपालिकाका वडा नं. ३, ४ मा नेपाल भाषाको माध्यमबाट स्थानीय विषयको पठनपाठनको प्रारम्भ गरिसकेको छ।

त्यसै गरी इलामको माङ्सेबुङ गाउँपालिकाले लिम्बू भाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गरेको छ। माङ्सेबुङमा बहुसङ्ख्यक जनताले बोल्ने लिम्बू भाषा (किरात सिरिजङ्गा लिपिमा लेखिने) लाई कामकाजी भाषाका रूपमा कार्यान्वयनका लागि एक जना भाषिक सहजकर्ता (सहायक पाँचौं तह) नियुक्त गर्ने तयारी उक्त गाउँपालिकाले गरेको छ। माङ्सेबुङ गाउँपालिकाले वि.सं. २०७५ साल मङ्सिर १३ गतेदेखि ५ नं. वडामा लिम्बू भाषालाई कामकाजी भाषा घोषणा गरी लागु गरेको थियो। उक्त गाउँपालिकाले मिति २०७५/६/१५ का दिन "भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका २०७५" पारित गरी यो व्यवस्था कार्यान्वयनमा ल्याएको थियो। पाँचथर जिल्लाको फाक्तेपस्थित फाल्गुनन्द गाउँपालिकाले मिति २०८०/३/७ का दिन "फाल्गुनन्द गाउँपालिकाको सरकारी कामकाजको भाषा ऐन, २०८०" नै पारित गरी याक्थुङ/लिम्बू भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्न थालेको छ।

बागमती प्रदेशको काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिकाले मिति २०७९ असार ३१ गते स्थानीय राजपत्रमा "स्थानीय भाषा ऐन, २०७९" नै प्रकाशित गरी स्थानीय तहमा भाषा प्रयोगको अधिकार प्रदान गरेको छ। कर्णाली प्रदेशको सुर्खेत जिल्लाको चौकुना गाउँपालिका र बागमती प्रदेशको सिन्धुली जिल्लाको मरिन गाउँपालिकाले पनि स्थानीय भाषा नीति तर्जुमा गरी भाषिक अभ्यास सुरू गरेको देखिन्छ। गण्डकी प्रदेशस्थित पर्वत जिल्लाको महाशिला गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममै खेमा लिपिमा आधारित गुरुङ भाषामा पाठ्यपुस्तक लेखन गरी प्रकाशन गरेको छ। गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा गुरुङ भाषा र लिपिमा सार्वजनिक गर्ने निर्णय गरी सो कार्य अघि बढाएको थियो। सम्भवतः वार्षिक नीति तथा कार्यक्रममा नै स्थानीय मातृभाषामा सार्वजनिक गर्ने यो नै पहिलो स्थानीय तह हुन सक्छ।

लुम्बिनी प्रदेशको बुटवल उपमहानगरपालिकाले नेपालीबाहेक थारू, मगर र नेपाल भाषालाई सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरेको छ। लुम्बिनी प्रदेशमा थारू, अवधी र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषा बनाउने भाषा आयोगको सिफारिस रहेको थियो। प्रदेशमा रहेको बुटवल उपमहानगरपालिकाले आफ्नो उपमहानगरको

## खण्ड एकः सरकारी कामकाजको भाषा

जनसङ्ख्याको आधारमा मगर र नेपाल भाषालाई पनि मान्यता दिँदै वि.सं. २०८१ बैशाख १० गते यी चार भाषामा लेखिएको बडापत्र सार्वजनिक गरेको देखिन्छ। बागमती प्रदेशको हेटौँडा उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र सरकारी कामकाजको भाषाका रूपमा तामाङ र नेपाल भाषा अनिवार्य रूपमा प्रयोग गर्ने निर्णय गरेको छ। उपमहानगरपालिकाको ६७ औँ कार्यपालिका बैठक उक्त निर्णयसँगै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरूको साइनबोर्ड, लेटरप्याड र अन्य आधिकारिक कागजातहरूमा यो नियम लागु गरेको हो। मधेश प्रदेशको सिराहा जिल्लास्थित लाहान नगरपालिकाले "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५" को दफा ३७ अन्तर्गत "आधारभूत तहको कक्षा १ देखि ५ सम्म मातृभाषामा शिक्षा दिने" व्यवस्था गरेको पाइन्छ। कोशी प्रदेश ओखलढुङ्गा जिल्लाको खिजीदेम्वा गाउँपालिकाले "भाषिक तथा सांस्कृतिक सङ्ग्रहालय ऐन, २०७९" तर्जुमा गरेर भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण गर्ने कार्यलाई अघि बढाएको छ। यसरी नै रोल्पा, सुनसरी आदि जिल्लाका केही स्थानीय पालिकाहरूले पनि भाषासम्बन्धी नीति तर्जुमा गरी स्थानीय भाषाहरूलाई सरकारी कामकाजमा भाषाका साथै शिक्षामा प्रयोग गरिरहेका छन्। जसलाई स्थानीय तहहरूबाट सञ्चालित सकारात्मक अभ्यासका रूपमा लिन सकिन्छ।

**निष्कर्ष**

नेपाल एक बहुभाषिक मुलुक भए पनि यहाँ नेपालीबाहेक प्रचलित विभिन्न मातृभाषाहरू सरकारी प्रशासन, शिक्षा, न्यायालय आदि जस्ता क्षेत्रमा प्रयोग हुन सकिरहेको छैन। वि.सं. २०७२ सालमा संविधानसभाबाट नयाँ संविधान जारी भएपछि नेपाली भाषाका अतिरिक्त नेपालमा बोलिने अन्य राष्ट्रभाषाहरूलाई पनि प्रदेशस्तरमा सरकारी कामकाजको भाषाका रूपमा लागु गर्न सकिने व्यवस्था भयो। संविधानको उक्त प्रावधानको आधारमा बागमती र गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी ऐन पारित भई कार्यान्वयनमा गएको छ। तर प्रदेशको सरकारी कामकाजको भाषा सबै स्थानीय तहमा अनिवार्य नभई स्थानीय भाषाहरूको वितरण स्थानीय तहमा व्यापक रहेको हुँदा मूलतः स्थानीय तहमा त्यहींको भाषाहरूको सरकारी कामकाजमा प्रयोग हुनु अत्यावश्यक छ। स्थानीय तहमा बोलिने मातृभाषाहरूको सरकारी कामकाजमा प्रयोग गर्न सकिने संवैधानिक, कानुनी आधारहरू प्रशस्त छन्। साथै वस्तुपरक र व्यावहारिक रूपमा सरकारी कामकजमा स्थानीय भाषाको प्रयोग गर्नु सम्भव र सहज रहेको देखिन्छ। नेपालका केही स्थानीय तहहरूले विगतमा शासकीय प्रतिकूल समयको बावजुद पनि स्थानीय भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने प्रयास गरेका थिए। तर बिडम्बना ! त्यतिबेला भाषासम्बन्धी कानुनी व्यवस्था नभएका कारण त्यो सम्भव हुने हुन सकेन। तर अहिले संविधानप्रदत्त भाषासम्बन्धी अधिकारको कार्यान्वयनलाई देशका विभिन्न स्थानीय तहहरूले अघि बढाएको पाइन्छ। भाषासम्बन्धी गरिएका यस्ता अनुकरणीय र नमुनास्वरूपको प्रयासलाई देशका सबै स्थानीय तहहरूले आत्मसात गर्दै जानु जरूरी छ। स्थानीय तहहरूलाई भाषासम्बन्धी स्वनिर्णय गर्न संविधान र अन्य कानुनले शक्ति प्रदान गरिसकेको छ, यसरी प्राप्त भएको शक्तिलाई इच्छाशक्तिका साथ कार्यान्वयन गर्न आवश्यक छ।

## खण्ड एकः सरकारी कामकाजको भाषा

## सन्दर्भ सूची


कानुन किताब व्यवस्था समिति. (२०५५). *स्थानीय स्वायत्त शासन ऐन, २०५५*।

कानुन किताब व्यवस्था समिति. (२०५६). *स्थानीय स्वायत्त शासन नियमावली, २०५६*।

तामाङ, अमृत. (२०८१). *नेपालका सरकारी कामकाजका भाषाहरू*. म्हेन्दो ट्रस्ट।

नेपाल सरकार. (२०४७). *नेपाल अधिराज्यको संविधान*. कानुन किताब व्यवस्था समिति।

नेपाल कानुन आयोग. (२०७४). *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*।

नेपाल भाषा सङ्घर्ष समिति. (२०५६). *सर्वोच्च अदालतं ब्यूगु नेपाल भाषा विरुद्धया अन्तरिम आदेश*।

नेपाल सरकार. (२०७२). नेपालको संविधान. कानुन किताब व्यवस्था समिति।

बागमती प्रदेश सरकार. (२०८०). प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन. *प्रदेश राजपत्र.* आन्तरिक मामिला तथा कानुन मन्त्रालय।

गण्डकी प्रदेश सरकार. (२०८२). गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन. *प्रदेश राजपत्र.* मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

प्रदेश सभा सचिवालय, कोशी. (२०८१). *कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*।

बाह्रखरी. (२०८२, जेठ ६). *[समाचार लेख]*. बाह्रखरी डट कम।

भाषा आयोग. (२०७८). *सरकारी कामकाजको भाषासम्बन्धी सिफारिसहरू*।

साझाकुरा दैनिक. (२०८२, जेठ ३२). *[समाचार लेख]*।

Government of India. (2024). *The Constitution of India (As on 1 May 2024)*. Ministry of Law and Justice, Legislative Department, Official Languages Wing.